**मिति २०७५।१२।२७ गते बुधबारको चौथो नगर सभाको प्रथम बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री देबराज बिश्वकर्माद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको तुलसीपुर नगर बिकास बोर्ड गठन गर्न बनेको बिधेयक, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री देबराज बिश्वकर्माद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको कृषि ब्यवसाय पर्वद्धन बिधेयक, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री नवराज लामीछानेद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन गर्न बनेको बिधेयक, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री देबराज बिश्वकर्माद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको तुलसीपुर नगर बिकास शिक्षा बिधेयक, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री राजु आचार्यद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको नगर स्वास्थ्य बिधेयक, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिकाका बिधायन समितिका संयोजक श्री नवराज लामीछानेद्धारा प्रस्तुत तुलसीपुर उपमहानगरपालिकाको बालसंरक्षण तथा सम्बर्द्धन नीति, २०७५ सर्बसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को पूर्वाधार विकास सम्बन्धी योजनाहरु विविध कारणबस हालसम्म संझौता हुन बांकी भएकाले मिति २०७५ बैशाख मसान्त सम्म मात्र यस आ.व. का योजनाहरु संझौता गरी कार्यान्वयन गर्न तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.८**

तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र रहेका नदि तथा खोलाहरुमा नदि जन्य पदार्थ उत्खनन गर्नका लागि आवश्यक प्रकृया पुरा गरी ठेण्डर आवह्न गर्दा समेत कतिपय नदि तथा खोलाहरुको ठेक्का नलाग्दा भौतिक बिकासका कार्यहरु प्रभावित भएको, आम नागरिकहरु पूर्वाधार बिकासको अवसरबाट बन्चीत हुने सम्भावना रहेको र बिनियोजित बजेट समेत प्रभाबित हुने देखिएकोले ठेक्का नलागेका तर EIA/IEE भएका नदि तथा खोलाहरुबाट नदि जन्य पदार्थ उत्खनन, संकलन तथा विक्री वितरण अमानतमा र यस उपमहानगर पालिकाको यान्त्रीक साधान प्रयोग गरी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस उपमहानगर पालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको मासिक तलब, भत्ता भुक्तानी गर्दा मासिक कार्य प्रगति प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नु पर्ने र वडा सदस्य एवं वडाको जन प्रतिनिधीहरुको कार्य प्रगति विवरण वार्ड अध्यक्षले, कार्यालयका कर्मचारीको प्रमुख प्रशासकिय अधिकृतले, वार्ड अध्यक्ष, कार्य पालिका सदस्य, प्रमुख प्रशासकिय अधिकृत र उप–प्रमुखको कार्य प्रगति प्रतिवेदन नगर प्रमुखले मूल्याकंन गर्ने ब्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

नयाँ बर्ष २०७६ सालको पावन अवसरमा समस्त तुलसीपुर नगरबासी तथा देशबासीहरुमा सुस्वास्थ्य, दीर्यायु एवं उत्तरोउत्तर प्रगतिको मंगलमय शुभकामना ब्यक्त गर्ने निर्णय गरियो ।